का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ जेठ २०८०,
सोमबार
15 May 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १०९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## रायमाझी पक्राउ

नक्कली भुटानी शरणार्थी प्रकरणको छानबिनमा तानिएका पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी आइतबार राति बुढानीलकण्ठबाट पक्राउ परेका छन् ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३१ वैशाख ।

पूर्वप्रधानमन्त्री टोपबहादुर रायमाझी काठमाडौंको बुढानीलकण्ठबाट पक्राउ परेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणको छानबिनका क्रममा रायमाझीलाई गत २० वैशाखमा पक्राउ पूर्जी जारी भएको थियो । काठमाडौं जिल्ला अदालतको अनुमतिमा काठमाडौं प्रहरीले पक्राउ पूर्जी जारी भएपछि रायमाझी फरार भएका थिए ।

पक्राउ पूर्जी जारी हुँदा रायमाझी अर्घाखाँचीमा आयोजित सार्वजनिक कार्यक्रममै थिए । तर सार्वजनिक कार्यक्रमबाट रायमाझी पक्राउ नपरी फरार भए । रायमाझी फरार हुनु अगाडि नेकपा एमालेका नेताहरुसँग सम्पर्क गरेका थिए ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका अनुसार, रायमाझीले प्रहरी प्रमुख बसन्त कुँवरसँग समेत सम्पर्क गरेका थिए । रायमाझी फरार भएको एक सातापछि नेपाली कांग्रेसका नेता बालकृष्ण खाँण पक्राउ परे ।

पूर्व गृहमन्त्री खाँण आफ्नै निवासबाट पक्राउ परेका थिए । खाँण पक्राउ परेकै दिन रायमाझीलाई एमालेले पार्टीबाट निलम्बन गरेको थियो । रायमाझी एमालेका केन्द्रीय सचिव हुन् । तर पार्टीको निर्देशन बमोजिम प्रहरी सम्पर्कमा नगई फरार भएको भन्दै रायमाझीलाई निलम्बन गरेको छ ।

रायमाझीका छोरा सन्दीपलाई २० वैशाखमै प्रहरीले पक्राउ गरेको थियो । त्यसअघि पूर्व गृह सचिव टेकनारायण पाण्डे पक्राउ परेका थिए । उपराष्ट्रपति कार्यालयको सचिव रहेका पाण्डेलाई नक्कली शरणार्थी प्रकरणमा संलग्न भएको आशंकामा पक्राउ गरिएको छ । उनीसँगै तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई पक्राउ परेका छन् । पूर्व गृहमन्त्री खाँणसँगै उनका स्वकीय सचिव नरेन्द्र केसी पनि पक्राउ परेका छन् ।

८७५ जनालाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भनेर प्रतिव्यक्ति १० देखि ५० लाखसम्म असुल गरेको आरोपमा १२ जना पक्राउ परिसकेका थिए । पक्राउ परेका पूर्व गृहमन्त्री खाँण सहितलाई जिल्ला अदालत काठमाडौं थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न आइतबार मात्रै अनुमति दिएको छ ।

### पछि हट्यो एमाले

# हट्यो संसदको गतिरोध

संवैधानिक परिषदसम्बन्धी विधेयकमा कांग्रेस, एमाले र माओवादी केन्द्रबीच सहमति भएपछि संसदीय समितिको नेतृत्वलगायतका विषयमा समेत सहमति जुटेको नेताहरु बताउँछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ वैशाख ।

नेकपा एमाले सहमतिका लागि पछि हटेपछि संघीय संसदको गतिरोध हट्ने भएको छ । नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङका अनुसार विगतमा शीर्ष नेताहरुबीत सहमति भएर पनि त्यसको पालना हुन नसक्नुको कारण संवैधानिक परिषद सम्बन्धी विधेयकमा रहेको विषयवस्तुमा थियो ।

सरकारले संवैधानिक परिषदको बैठक बस्न, एजेण्डा तय गर्न र निर्णय गर्न प्रधानमन्त्रीको सहमति अनिवार्य हुने गरी विधेयक ल्याएको छ । यसमा एमालेले असहमति राख्दै आएको थियो । संवैधानिक परिषदको अध्यक्षको सहमति बिना नै एजेण्डा तय गर्न, बैठक बोलाउन र बहुमतका आधारमा निर्णय हुन सक्ने व्यवस्था राख्नुपर्ने अडानबाट प्रमुख प्रतिपक्षी नेकपा एमाले पनि पछाडि हटेपछि संसदको गतिरोध अन्त्य हुने भएको हो ।

प्रमुख तीन दल संवैधानिक परिषद सम्बन्धी विधेयकमा आफ्नो पूर्वअडानबाट पछि नहट्दा यो विधेयक प्रतिनिधिसभाको समितिमै रोकिएको थियो । दलहरुले अडान छाडेपछि विधेयक पारित गर्ने प्रक्रिया अघि बढ्ने भएको छ ।



यही विधेयकका कारण संसदीय समिति गठन लगायतका विषयमा गतिरोध उत्पन्न भएको थियो । संवैधानिक परिषदसम्बन्धी विधेयकमा कांग्रेस, एमाले र माओवादी केन्द्रबीच सहमति भएपछि संसदीय समितिको नेतृत्व लगायतका विषयमा समेत सहमति जुटेको नेताहरु बताउँछन् ।

बैठकपछि एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले भने, 'प्रधानमन्त्री प्रच्ण्डजीले नै संवैधनिक परिषदको बैठकको निर्णय प्रक्रियाका सन्दर्भमा सहमतिमा जान सकिने बताएपछि शीर्ष नेताहरुका बीचमा सहमति जुटेको छ ।'

प्रधानन्यायाधीश र विभिन्न संवैधानिक आयोगका पदाधिकारी नियुक्ति सिफारिस गर्ने संवैधानिक परिषदको बैठक सञ्चालन र निर्णयको कार्यविधिसम्बन्धी विषयमा प्रमुख तीन दलबीच विवाद हुँदा यो विधेयक पारित पृष्ठ २ मा

## एमालेले ३ समितिमा नेतृत्व पाउने

नेकपा एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङका अनुसार शीर्ष नेताहरुबीच भएको सहमति अनुसार प्रतिनिधिसभामा रहेका १० वटा विषयगत समितिमध्ये एमालेले सार्वजनिक लेखा समितिसहित थप एक समितिको नेतृत्व पाउनेछ । दुई वटा संयुक्त समितिमध्ये 'राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति'को सभापति पाउनेछ ।

संक्रमणकालीन न्याय सम्बन्धी विधेयक संसदीय उपसमिति बनाएर अगाडि बढाउने सहमति भएको छ । प्रतिनिधिसभामा दर्ता भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलका लागि कानुन न्याय तथा मानवअधिकार समितिमा पुगेको छ । अब सोही समिति अन्तर्गत उपसमिति गठन गरेर अगाडि बढाउने सहमति तीन दलका बीचमा भएको हो ।

## नेकपा एसले सुनुवाइ समितिमा सदस्य नपाउने

नेकपा एकीकृत समाजवादीले संघीय संसदको संसदीय सुनुवाइ समितिमा सदस्य नपाउने भएको छ । सुरुमा संघीय संसद सचिवालयले एकीकृत समाजवादीसहित ७ दलको प्रतिनिधित्व सुनुवाइ समितिमा रहने गरी प्रस्ताव ल्याएको थियो । त्यसप्रति नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रसहितका दलहरु सहमत भएका थिए ।

संसद सचिवालयले सम्बन्धित दलको सांसद संख्याको आधारमा एकीकृत समाजवादीसहितको प्रतिनिधित्व रहने प्रस्ताव ल्याएको थियो । प्रतिनिधिसभाबाट प्रतिनिधित्व गर्ने १२ सदस्यका लागि उपस्थिति निर्धारण गर्दा एमालेको ३.४९ प्रतिशत र एकीकृत समाजवादीको ०.४ प्रतिशत तय भएको थियो । एमालेले ३.४९ ले चार सदस्य नपाउने र ०.४ ले एक सदस्य पाउने न्यायोचित नहुने बताउँदै आएको थियो ।

आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच सुनुवाइ समितिमा एमालेले प्रतिनिधिसभाबाट चार सदस्य सुनुवाइ समितिमा पृष्ठ २ मा

# टीआरसीमा फेरि फास्ट ट्र्याक प्रयास



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ वैशाख ।

प्रमुख तीन वटा राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले संक्रमणकालीन न्याय सम्बन्धी विधेयकलाई फास्ट ट्र्याकमा अगाडि बढाउने निर्णय गरेका छन् । प्रधानमन्त्री निवास वालुवाटारमा आइतबार बसेको कांग्रेस, एमाले र माओवादी केन्द्रको शीर्ष नेतृत्वको बैठकमा सत्य निरूपण तथा मेलमिलापसम्बन्धी विधेयकलाई फास्ट ट्र्याकमा पारित गर्नका लागि संसदीय उपसमिति गठन गर्ने सहमति जुटेको हो ।

यसअघि यो विधेयकलाई संसदीय विशेष समिति गठन गरेर अगाडि बढाउने सहमति भएको थियो । त्यस अनुसार प्रततिनिधिसभाको कार्यसूची तय भएर पनि अगाडि बढ्न सकेको थिएन् । प्रतिनिधिसभाले संक्रमणकालीन न्याय सम्बन्धी विधेयकलाइ पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष



# 'वैदेशिक रोजगारमा पुराना र असान्दर्भिक ऐन कानूनमा सुधार आवश्यक'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ वैशाख

वैदेशिक रोजगार विभागका तत्कालीन निर्देशक कृष्णप्रसाद भुसालले धेरै पुराना र असान्दर्भिक ऐन कानूनमा सुधार भई नीतिगत सुधार नभएसम्म वैदेशिक रोजगार प्रशासनको सेवा प्रवाहमा जटिलता हटाउन नसकिने बताएका छन् ।



१८ महिना विभागमा निर्देशक तथा सूचना अधिकारीको जिम्मेवारी सम्हालेका निर्देशक भुसाल आइतबार श्रम, रोजगार तथा पृष्ठ २ मा

## साउदी भीएफएसविरूद्ध संघको ज्ञापनपत्र



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले साउदी अरबको भिसा प्रक्रियामा निजी क्षेत्रको भीएफएस ग्लोबल सर्भिस नेपालले सञ्चालन गर्ने विषयमा असहमति जनाएको छ । संघले आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा पृष्ठ २ मा

## विदेशमा ६ महिना काम गरेपछि मात्र दुई वटा फोन ल्याउन पाइने

**काठमाडौं/रासस-** वैदेशिक रोजगारीमा छ महिनासम्म काम गरेर फर्किएका नेपालीले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने भएका छन् । भन्सार विभागले आइतबार एक सूचना जारी गर्दै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको छ महिना पूरा पृष्ठ २ मा

### मिटरब्याजी समस्या

# फेरि चुक्यो सरकार

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३१ वैशाख ।

गत चैतको पहिलो साता मिटरब्याजी समस्या समाधान नभएको भन्दै पीडितहरु खाली खुट्टा नै हिँडेर काठमाडौं आए । महोत्तरीबाट ११ दिन पैदलयात्रा हिँडेर आईपुगेका उनीहरुले माईतीघर, रत्नपार्क, बानेश्वर लगायतका उपत्यकाका विभिन्न स्थानमा धर्ना र आन्दोलनका कार्यक्रम पनि गरे । उनीहरुको समस्या समाधान गर्ने आश्वासन दिदैं प्रधानमन्त्री प्रचण्ड, गृहमन्त्री र विभिन्न शीर्षस्थ दलका नेताकार्यकर्ता भेटेर समर्थन जनाउन पनि पुगे । 'अघिल्लो सरकारसँग भएको सम्झौता हेर्छु । मिटरब्याजी समस्याले हजारौं किसानहरू पीडित हुनुभएको छ । यसलाई मैले राम्रोसँग बुझेको छु । यसपटक तपाईंहरूको समस्या समाधान गर्ने कुरा मेरो प्राथमिकतामा छ, म समाधान गर्छु' प्रधानमन्त्री प्रचण्डले करिब २ महिना अघि नै सो प्रतिबद्धता गरेका थिए । तर, अहिले आयोग गठन गरेर छानबिनको काम भएतापनि वार्ता समितिसँग कुरा नमिल्दा मिटरब्याजी असुन्तुष्ट भएर घर फर्किएका छन् ।

तथ्यांक नै हेर्ने हो भने पनि मधेशप्रदेशमा मात्रै हालसम्म ४ हजार ३ सयको हाराहारीमा उजुरी परेको छ । हालसम्म सबैभन्दा धेरै धनुषाका एक हजार १६ जना पीडितले उजुरी दिएका छन् भने सर्लाहीमा सात सय ६४ वटा उजुरी दर्ता भएको तथ्यांकले देखाउँछ । महोत्तरीमा पाँच सय ८५, सिराहामा पाँच सय ३६, सप्तरीमा तीन सय पाँच, रौतहटमा तीन सय ६१ र बारामा पाँच सय ३० उजुरी परेका छन् । जसमध्ये पर्सामा भने सबैभन्दा कम एक सय ९८ उजुरी दर्ता भएको छानबिन समितिको तथ्यांकले देखाएको हो । किसानका प्रतिनिधिहरूले वर्तमान सरकार किसानको प्रतिनिधि सरकार भएकाले आफूहरूका समस्या समाधान हुने विश्वास व्यक्त गरेपनि हालसम्म समस्या समाधान नभएको भन्दै उनीहरु पुन निराश देखिएका छन् । पृष्ठ २ मा

# टिसर्ट र जिन्स पाइन्ट लगाउन संसदमा रोक



फुल कोर्ट, हाफ कोर्ट लगाउन सकिने भयो । मौलिक संस्कृति र परम्परा वा पहिचान झल्किने मर्यादित पोशाक पनि लगाउन सकिने भयो । तर, टिसर्ट पाइन्ट, जिन्स पाइन्ट लगाउन नपाइने भयो ।

**शेखर अधिकारी**
सभामुखका प्रेस सल्लाहकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ वैशाख ।

प्रतिनिधिसभाले प्रतिनिधिसभाको बैठकमा टिसर्ट र जिन्स पाइन्ट लगाउन रोक लगाएको छ । आइतबार सभामुखले संसद बैठकमा सहभागी हुँदा सांसदहरुले पृष्ठ २ मा



# थप दुई आरोही सगरमाथाको चुचुरोमा



**काठमाडौं/मस–** थप दुई आरोही सगरमाथाको चुचुरोमा पुगेका छन् । आइतबार बिहान ८:०२ बजे नेपाली र पाकिस्तानी आरोही सगरमाथाको चुचुरोमा पुगेका हुन् । सन् २०२३ को सगरमाथा आरोहणमा पहिलो अन्तर्राष्ट्रिय पर्वतारोही पाकिस्तानकी नैला कैनीले सफल आरोहण गरेकी छन् ।

त्यस्तै नेपाली आरोही पासाङतेम्बा शेर्पाले सगरमाथा आरोहण गरेका छन् । दुवै आरोही इमेजिन नेपाल ट्रेक्स एण्ड एक्सपिडिसन कम्पनीबाट आरोहणमा गएका थिए । कम्पनीका कार्यकारी निर्देशक दावाग्याल्जे शेर्पाले यो यामको सगरमाथा आरोहणमा पहिलो आरोहण महिला अन्तर्राष्ट्रिय पर्वतारोहीबाट भएको बताए । उनका अनुसार अहिले कतिपय आरोही सगरमाथाको हिलारी स्टेप पुगिसकेका छन् भने धेरै आरोही साउथकोल र आसपास छन् ।

वसन्त ऋतुको यो यामको सगरमाथा आरोहण शनिबारबाट शुरु भएको थियो । सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङ (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो । रोप फिक्सिङपछि पहिलो औपचारिक आरोहण शुरु भएको सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको इमेजिन नेपाल ट्रेक एण्ड एक्सपिडिसन कम्पनीले जनाएको छ ।

यतिबेला सगरमाथाको आधार शिविर र दोस्रो शिविर आसपास आरोहणका लागि सयौं सङ्ख्यामा आरोही प्रतिक्षारत छन् । पर्यटन विभागका अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि ४४ आरोही समूहका चार सय ६७ जनाले अनुमति लिएका छन् ।

### पछि...

हुन सकेको थिएन । २ वर्षअघि तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले बैठक सञ्चालन र निर्णय प्रक्रिया सम्बन्धी व्यवस्था अध्यादेशबाट संशोधन गरेका थिए । पछि उक्त अध्यादेशलाई प्रतिनिधिसभाले स्वीकार गरेको थिएन । त्यसैले पुरानै व्यवस्था जगाउन संशोधन विधेयक ल्याइएको हो । आइतबार बिहान प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच संसद सञ्चालन, संसदीय विषयगत समितिको नेतृत्व, संयुक्त समिति गठन, संसदमा विचाराधीन विधेयक, नागरिकता विधेयक र आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम लगायतका विषयमा छलफल भएको थियो ।

उक्त छलफलमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, एमाले संसदीय दलका उपनेता नेम्वाङ, कांग्रेस प्रमुख सचेतक रमेश लेखक, माओवादीका प्रमुख सचेतक हितराज पाण्डे पनि सहभागी थिए ।

### नेकपा...

पाउने सहमति जुटेको छ । योसंगै सुनुवाइ समितिमा एमाले र कांग्रेसको सदस्य बराबर हुने भएका छन् ।

एमाले र कांग्रेसको राष्ट्रिय सभाबाट समेत गरी सुनुवाइ समितिमा पाँच/पाँच सदस्य रहनेछन् । माओवादी केन्द्रको प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट एक/एक जना रहनेछन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनता समाजवादी पार्टी (जसपा) का एक/एक सदस्य रहनेछन् । प्रमुख तीन दलका बीचमा संसदीय सुनुवाइ समितिको सभापति नेपाली कांग्रेसले पाउने सहमति छ ।

### टीआरसीमा...

दफावार छलफलका लागि कानुन न्याय तथा मानव अधिकार समितिमा पठाएको छ ।

'विगतमा विशेष समिति गठन गर्ने भनिए पनि हाल विषयगत समिति गइसकेका कारण अब सम्बन्धित समितिमै उपसमिति बनाएर अगाडि बढाउने निर्णय भएको छ', नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्बाङले भने । नेता नेम्बाङका अनुसार आइतबार प्रधानमन्त्री निवास वालुवाटारमा बसेको प्रमुख तीन दलको बैठकमा यस्तो सहमति जुटेको हो ।

उक्त बैठकमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओली, उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, एमाले संसदीय दलका उपनेता नेम्वाङ, कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डे सहभागी थिए ।

संघीय संसदको अघिल्लो अधिवेशनमै टिआरसी फास्ट ट्र्याक पास गर्ने प्रयास सत्तारुढ दलहरुले गरेका थिए । त्यस अनुसार विशेष समिति गठन गर्ने सहमति समेत जुटेको थियो । तर, सहमति भंग भएपछि 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक' दफावार छलफलका लागि संसदीय पुगेको छ । यो विधेयकमा प्रमुख प्रतिपक्षी नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायतका दलका सांसदहरुले संशोधन हालेका छन् । एमालेका सांसदहरुले हत्या, यौनजज्य हिंसा, अपहरण तथा शरीर बन्धक र अन्तर र्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका अमानवीय कार्यलाई मानवअधिकारको गम्भीर उल्लंघनमा राख्नुपर्ने भनी संशोधन हालेका छन् ।

सत्य निरुपण तथा वेपत्ता आयोगले सिफारिस गरेअनुसार चल्ने मुद्दा हेर्न बन्ने विशेष अदालतका न्यायाधीशहरु न्याय परिषदको परामर्शमा नभई सिफारिसमा हुनुपर्ने संशोधन प्रस्ताव पनि एमालेका सांसदहरुको छ ।

नेकपा माओवादी केन्द्रका सांसदहरुले बेपत्ता पारिएको व्यक्तिको यथार्थ पत्ता लागेपछि मारिएको भए शहीद र मारिएको पुष्टि हुन नसके बेपत्ता योद्धा घोषणा गर्नुपर्ने भनी संशोधन हालेका छन् । उनीहरुलाई राष्ट्रिय शहीदहरु सरह सम्मान गर्नुपर्ने पनि माओवादी सांसदहरुको संशोधन प्रस्ताव छ ।

साथसाथै, पीडितलाई निःशुल्क शिक्षा र स्वास्थ्य सेवा दिनुपर्ने, रोजगारी उपलब्ध गराउने र रोजगारीको व्यवथा नभएसम्म बेरोजगार भत्ता दिनुपर्ने र उद्योग व्यवसाय गर्न इच्छुक पीडितहरुलाई अनुदानमा रकम उपलब्ध गराउनुपर्ने लगायतका विषय पनि माओवादी केन्द्रका सांसदहरुले हालेको संशोधन प्रस्तावमा उल्लेख छ ।

### वैदेशिक...

सामाजिक सुरक्षा मन्त्रालयमा सरूवा भई गएका छन् । उनको स्थानमा प्रधानमन्त्री रोजगार कार्यालयका उपसचिव गुरूदत्त सुवेदी आएका छन् । निर्देशकद्वयको बिदाइ तथा स्वागतमा विभाग र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले आइतबार छुट्टाछुट्टै कार्यक्रम आयोजना गरेका थिए । सरूवा भएका निर्देशक भुसालले धेरै विषयमा सहजीकरण गरेको भएपनि यूएईबाट बाइक राइडर कामदार फिर्ता र त्यसलाई हतियार बनाएर युट्युबरहरूले व्यवसायीविरूद्ध नारावाजी र विभागमा सेवा प्रवाहमा समस्या आउने गरी धर्ना तथा अनधिकृत दबाब सिर्जना गरेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा राख्न निर्णायक भूमिका निर्वाह गरेको व्यवसायीहरूले बताएका छन् ।

आफ्नो बिदाइ कार्यक्रममा निर्देशक भुसालले भने, 'एउटा व्यवसायीको गल्तीले बाहिरी वातावरण बिग्रिने अवस्था बन्छ, तर त्यसैलाई आधार बनाई सबैलाई दोष दिनु हुँदैन भन्ने मान्यताका आधारमा मैले काम गरेको हुँ ।'

निर्देशक भुसालले व्यवसायीले सहयोग गर्दा विभागको कामकारबाही सञ्चालन सहज भएको भन्दै नीतिगत सुधार, जनचेतनाको विस्तार र इजाजत नलिएका व्यक्ति वा संस्थाले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा गर्ने वैदेशिक रोजगारबाट वञ्चित नगरेसम्म समस्याको समाधान आफूले नदेखेको पनि उल्लेख गरे । उनले तत्काल एजुकेसन कन्सल्ट्यान्सीहरू नियमन गर्न पनि आवश्यक रहेको बताए ।

वैदेशिक रोजगारीमा गई समस्यामा परेका कामदारहरूले आफूलाई पीडित भन्ने तर न्याय पाउनसक्ने प्रमाण नराख्ने प्रवृत्तिले पनि विभागले न्याय दिएन भनेर सार्वजनिकरूपमा गुनासो बढेको आफूले अनुभव गरेको उनले सुनाए । समाजमा वैदेशिक रोजगारको विकृतिको दोष व्यवसायीलाई मात्रै दिने गरिएको भएपनि विकृतिमा म्यानपावर कम्पनीको मात्रै कमजोरी आफूले नदेखेको उनले उल्लेख गरे ।

भुसालले भने, 'यताबाट मान्छे पठाउने, उता सोही समयमा विभिन्न कारणले कम्पनी बन्द हुने तर कामदार तुरुन्तै फर्काउनु पर्ने दबाब व्यवसायीले झेल्नुपरेको छ । यस्ता विषयमा चर्का दबाबको पनि सामना गर्नुपर्ने देखिएको छ, त्यसलाई विभाग र व्यवसायीले संयुक्तरूपमा काम गरेर मिलाउनुपर्छ ।'

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले विभाग व्यवसायीको अभिभावक भएको भन्दै निर्देशकको जिम्मेवारीमा रहँदा भुसालले आम व्यवसायीलाई सुरक्षा अभिभावकको अनुभूति गराउन सफल रहेको उल्लेख गरे । समस्या सुनिदिने सरकारी अधिकारीको शैलीले मात्रै पनि व्यवसायीलाई राहतको महसुस हुने भन्दै अध्यक्ष रावलले सरूवा भई विभागमा आएका निर्देशक सुवेदीबाट पनि सोही अनुसारको अभिभावकीय भूमिका अपेक्षा गरिएको बताए ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे दिम्दोङले पनि निर्देशकको जिम्मेवारीमा व्यवसायीले भुसालबाट अभिभावकत्व पाएको उल्लेख गर्दै सरूवा भई आएका निर्देशक सुवेदीबाट पनि पूर्ववत्रूपमा अभिभावकीय भूमिका अपेक्षा गरिएको बताए । कार्यक्रममा विभागका महानिर्देशक उमाकान्त आचार्य, संघ कार्यसमिति सदस्य विक्रम श्रेष्ठ, मञ्चका महासचिव मिलन कट्टेल, सचिव राजेन्द्र अधिकारीसहितका व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

### विदेशमा...

भएकाले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने जनाएको हो । विभागका निर्देशक पुण्यविक्रम खड्काले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपालीले एउटा चलाइरहेको र एउटा 'सिलप्याक' वा दुवै चलाइरहेको मोबाइल ल्याउन पाउने बताए ।

उनका अनुसार अध्ययन तथा अन्य प्रयोजनका लागि विदेशीएका नेपालीले भने एक थान मात्रै फोन ल्याउन पाउनेछन् । 'श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिनासम्म काम गरी फर्केका नेपाली नागरिकले महसुल सुविधामा ल्याउन पाउने थप एक थान मोबाइल फोनको भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया पूरा गर्नुपर्छ,' जारी सूचनामा भनिएको छ, 'अन्य प्रयोजनका लागि विदेशीएका नेपालीले एक थान मोबाइल फोन सेटको घोषणा भने भन्सार कार्यालयमा गर्नुपर्दैन ।' यही वैशाख २६ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको थियो ।

यात्रुहरुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश, २०७७ मा विदेशबाट फर्कने यात्रुले आफूले प्रयोग गरिरहेको मोबाइल फोन थान एक महसुल नतिरी ल्याउन पाउने व्यवस्था रहेको छ ।

सोही व्यवस्थाअनुसार नेपाल दूरसञ्चार प्राधिकरणले जेठ १ गतेदेखि अवैध फोन नियन्त्रण गर्ने प्रणाली एमडीएमएस लागू गर्दैछ । उक्त फोन नेपाल दूरसञ्चार प्राधिकरणका प्रणालीमा व्यक्ति स्वयंले अनलाइन माध्यमबाट दर्ता गर्नुपर्ने भन्सार कार्यालयले जनाएको छ । दर्ताका लागि राहदानी वा नागरिकता र विदेश जाँदा र फर्किँदा देखिने राहादानीको पृष्ठ वा बोर्डिङ पास अपलोड गर्नुपर्नेछ हुन्छ ।

यसअघि गत पुस १५ गतेदेखि प्राधिकरणले अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गर्ने तयारी गरेको थियो । प्राधिकरणले उक्त सिष्टम लागू गर्ने तयारी गरेकामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा तत्कालका लागि उक्त काम रोकिएको थियो ।

### साउदी...

मन्त्री शरतसिंह भण्डारी र मन्त्रालयका सचिव एकनारायण अर्याललाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै असहमति जनाएको हो ।

यसअघि संघ पदाधिकारी र नेपालका लागि साउदी राजदूतबीचको छलफलमा भिएफएस साउदी दूतावासको मातहतमा रहने बताइएको भएपनि भीएफएस नेपाल प्रा.लि.ले सेवा सञ्चालन गर्ने विषय सार्वजनिक भएपछि संघले आफूलाई गुमराहमा राखी झुक्याउने र वैदेशिक रोजगारीमा जाने नेपाली कामदारलाई अनुचित आर्थिक भार पार्ने उद्देश्य राखिएको प्रष्ट भएको जनाएको छ ।

एक हप्ताअघि ८ मेमा परराष्ट्र मन्त्रालयलाई साउदी दूतावासले पठाएको कूटनीतिक नोट भन्दै परराष्ट्र मन्त्रालयले संघलाई वैशाख २८ गते पत्र पठाएर साउदी अरब प्रवेशका निम्ति सबै प्रकारका भिसा प्रक्रिया तथा यात्रा अनुमति प्रदान गर्ने कार्य भीएफएस ग्लोबल सर्भिस नेपालले सञ्चालन गर्ने उल्लेख गरेको थियो । संघका अध्यक्ष राजेन्द्र भण्डारीले साउदी भीएसएफमा चलखेल गरेर कामदारमाथि भार पार्ने काम हुन नदिन मन्त्रालयको ध्यानकर्षण गराएको बताए । उनले संघ सबै प्रकारका सिण्डिकेटको विरोधी रहेको भन्दै दीर्घकालीन प्रभावका सम्बन्धमा समेत अध्ययन गरिरहेको र सिण्डिकेटविरूद्ध संघ आन्दोलनमा उत्रिनेसमेत चेतावनी दिए ।

### मिटरब्याजी...

हामी पुन आन्दोलनमा उत्रिनुपर्ने अवस्था देखिएको छ, हाम्रा मागमा सरकारले गर्नसक्ने जति पनि सम्बोधन गरेन, यो दुखद हो,' संघर्ष समितिका सदस्य संघर्ष दाहालले भने । उनले सरकार गरिब र किसानमुखी बन्न नसकेको गुनासो समेत गरेका छन् । गत चैत १८ गते सरकारले गरेको पाँचबुँदे सम्झौताको पनि हालसम्म पूर्ण कार्यान्वयन नभएको भन्दै आलोचना भईरहेको छ । मुख्यतयाः तराई-मधेशका साहु-महाजनले कपाली तमसुक बनाई थोरै पैसाको ऋण दिने तर धेरैको कागज बनाउने, ऋण चुक्ता गरिसक्दा पनि अझ धेरैको कागज देखाउने र असुली गरिरहने, भन्नेबित्तिकै पैसा नदिएपछि घरजग्गा नै रोक्का गर्ने, अदालतमा मुद्दा हाल्नेजस्ता शोषण गर्दै आईरहेका छन् । अनि पीडितलाई धम्क्याएर भौतिक आक्रमण गर्ने, शारीरिक शोषण, यौन शोषण लगायतका गतिविधि पनि भईरहेका छन् । अझ स्थानीय तहका जनप्रतिनिधि, पहुँचवाला व्यक्ति नै शोषण गर्ने स्थानीय तह वा वैदेशिक रोजगार बोर्डमार्फत सहुलियतपूर्ण ऋण दिने र रेमिट्यान्स खाता खोलेर ऋण कट्टा गर्दै जान सकिने विषय पनि पछिल्ला दिनमा उठेका छन् । तर, सरकार वर्षौदेखि देखिएको मिटरब्याज पीडितका समस्या समाधान गर्न गम्भीर बनेको छैन ।

### टिसर्ट ...

लगाउने पोशाक तय गरेका छन् । तय भएको पोशाक भएसँगै संसदमा टिसर्ट र जिन्स पाइन्ट लगाउन रोक लागेको छ । आइतबार सिंहदरबारमा बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकको निर्णय अनुसार सभामुख देवराज घिमिरेले सांसदहरुको पोशाक तोकेका हुन् ।

सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार कार्यव्यवस्था परामर्श समितिको परामर्श अनुसार सांसदहरु मर्यादित पोशाक लगाएर उपस्थित हुनुपर्ने गरी सभामुखबाट निर्णय भएको छ ।

प्रतिनिधिसभा नियमावली २०७९ को नियम २४२ मा पोशाक र प्रतीक चिह्न सम्बन्धी व्यवस्था छ । जहाँ सांसदको पोशाक कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुने उल्लेख छ । सभामुखले पोशाक तोक्दा औपचारिक, मौलिक सँस्कृति र परम्परा वा पहिचान झल्किने मर्यादित भेषभूषा वा पोशाक समेतमा ध्यान दिनुपर्ने नियमावलीमा छ ।

नियमावली अनुसार सभामुख घिमिरेले संसदमा मर्यादित पोशाक लगाएर उपस्थित हुनुपर्ने गरी पोशाक तोकेका हुन् । सभामुखका प्रेस सल्लाहकार अधिकारीका अनुसार संसद बैठकमा उपस्थित हुँदा लोगो अनिवार्य लगाउनुपर्नेछ ।

'फुल कोर्ट, हाफ कोर्ट लगाउन सकिने भयो । मौलिक सँस्कृति र परम्परा वा पहिचान झल्किने मर्यादित पोशाक पनि लगाउन सकिने भयो । तर, टिसर्ट पाइन्ट, जिन्स पाइन्ट लगाउन नपाउने भयो' अधिकारीले भने ।

**KAWASOTI MUNICIPALITY**
OFFICE OF THE MUNICIPAL EXECUTIVE
GANDAKI PROVINCE, NEPAL

**Invitation for Bids**

**First Date of Publication**: 2079/12/28, **Second Date of Publication**: 2080/02/01

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bid for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (Exclusive of VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 23/KM/SQ/079/80 | Thakali Chowk Dekhi Magarkot Jane Bato Marmat | 68,85,217.08 | 2080/02/16 BS) Upto 12Hr | 120 days | 2,25,000.00 | 1000 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal **www.bolpatra.gov.np/egp.**

**Chief Executive Officer**

**गेरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशुपतिनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक सुचना प्रकाशित मिति :- २०८०/०२/०१**

गेरुवा गाउँ कार्यपालिकाको कार्यालयले तपशिलको मितिमा आह्वान गरेको तपशिलका ठेक्काहरुको लागि दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्रहरुको मूल्यांकन गर्दा यस कार्यालयको तपशिलको मितिको निर्णय तपशिलका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं | ठेक्का नं | कामको विवरण | दोस्रो पटक बोलपत्र आह्वान मिति | पेश भएका बोलपत्रहरुको संख्या | सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रदाताको नाम, ठेगाना | निर्णय मिति | कबोल अंक रु (भ्याट र पि.एस.समेत) |
|---|---|---|---|---|---|---|---|
| १ | W/GRM /SQW/ 10/079-080 | Thapapur Rajipur Culvert Nirman | २०८०।०१।१० | २ (दुई) | Girban R.S Nirman Sewa Pvt. Ltd Tikapur Kailali | २०८०।०१।२७ | १४,९५,६००.१४ (चौध लाख पन्चान्वे हजार छ सय रुपैया र पैसा चौध मात्र) |
| २ | W/GRM /SQW/ 11/079-080 | Maruwanira Ko Bathiniya Kuloma Pul Nirman | २०८०।०१।१० | २ (दुई) | Girban R.S Nirman Sewa Pvt. Ltd Tikapur Kailali | २०८०।०१।२७ | ८,६३,२८८.९० (आठ लाख त्रिसट्ठि हजार दुई सय अठासी रुपैया र पैसा नब्बे मात्र) |
| ३ | W/GRM /SQW/ 12/2079-080 | Sonahagau Ma Pul Nirman | २०८०।०१।१० | २ (दुई) | Girban R.S Nirman Sewa Pvt. Ltd Tikapur Kailali | २०८०।०१।२८ | ८,९२,२३२.४१ (आठ लाख बयान्वे हजार दुई सय बत्तिस रुपैया र पैसा एक्चालिस मात्र |

**प्रमुख प्रशासकीय अधिकृत**

UAE **मा रोजगार**
कम्पनी : AMANDES BAKERY LLC ( SOLE PROPRIETORSHIP
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२१६ L.T. No.: 279658 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | stall and market saleperson | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | kitcken helper | 20 | 0 | | 800 | २८,५७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
**साबिक** : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
**गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२**

**साउदीमा रोजगार**
कम्पनीः EXPERTISE CONSTRUCTION COMPANY LIMITED
शहरः Saudi Arabia, jubali

पुर्व स्वीकृत मितिः २०८०/०१/३१ चलानी नं.: ६०२०१३९३ LT. No.: 285998

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 40 | 0 | स. काममा दक्ष | 1000 | ३४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः KEFFAH ALSHARQ CONTRACTING EST. शहरः SAUDI Arabia
पुर्व स्वीकृत मितिः २०८०/०१/३१ चलानी नं.: ६०२०१३९४ LT. No.: 285999

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.**
श्रम इजाजत नं. ०५४/०५१/०५२
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोनः ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्सः ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com

शरणार्थी प्रकरण

# पूर्वगृहमन्त्री खाँणसहित १२ जनामाथि अनुसन्धान गर्न चार दिन म्याद थप



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ वैशाख

नक्कली भूटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाँण, तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसहित १२ जनामाथि अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले प्रहरीलाई चार दिनको म्याद दिएको छ ।

यसअघि थपिएको म्यादभित्र अनुसन्धान नसकिएको भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले म्याद थपका लागि आइतबार काठमाडौं जिल्ला अदालतमा पेस गरेकामा अदालतबाट चार दिनको म्याद प्राप्त भएको प्रहरी उपरीक्षक सीताराम रिजालले बताए । संगठित अपराधमा अनुसन्धान भइरहेकाले प्रहरीले उनीहरुलाई ६० दिन हिरासतमा राखेर आवश्यक काम कारबाही अघि बढाउन पाउँछ । उक्त प्रकरणको अनुसन्धानमा प्रहरीले ५० दिन कटाइसकेको छ ।

उनले भने, 'अब आठ–नौ दिनमा अनुसन्धान सकेर जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाइने छ। यो बीचमा अन्य आरोपीहरुको खोजी, प्रमाणहरु संकलन जारी नै रहनेछ।' सरकारी वकिलको कार्यालयमा प्रहरीले बुझाएको प्रतिवेदनका आधारमा कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नेछ ।

घटनामा मुछिएपछि प्रहरीले थप दुईजनालाई पक्राउ पुर्जी जारी गरिसकेको छ । शुक्रबार पक्राउ पुर्जी जारी भएकामा तत्कालीन गृहमन्त्री तथा नेकपा (एमाले) का उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा प्रतीक र कांग्रेसका नेता पूर्वसभासद् आङ्टावा शेर्पा छन् । प्रहरीले शरणार्थी प्रकरणमा अहिलेसम्म १२ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ। नेपाली कांग्रेसका केन्द्रीय सदस्य, पूर्वगृहमन्त्री बालकृष्ण खाँण र उनका स्वकीय सचिव नरेन्द्र केसीलाई वैशाख २७ गते पक्राउ गरेको थियो ।

त्यसअघि वैशाख १९ गते तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा.इन्द्रजित राई र वैशाख २० गते बहालवाला सचिव (तत्कालीन गृहसचिव) टेकनारायण पाण्डे पक्राउ परेका थिए ।

प्रहरीले उक्त घटनाका गिरोहहरु सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी, टंक गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङलाई गत चैतमा पक्राउ गरेको थियो। यही वैशाख २६ गते काठमाडौंको टोखा बस्ने रामशरण केसी र मोरङ घर भएका गोविन्द चौधरी पक्राउ परेका थिए । उनीहरु सबैका लागि चार दिन म्याद थप भएको हो । घटनामा मुछिएर पक्राउ पुर्जी जारी भएका नेकपा (एमाले) का सचिव पूर्वमन्त्री टोपबहादुर रायमाझी र पक्राउ परेका डा.राईका छोरा निरजलाई प्रहरीले खोजी गरिरहेको छ। रायमाझीलाई नेकपा (एमाले)ले सचिवबाट निलम्बन पनि गरिसकेको छ । उक्त घटनामा हालसम्म एक सय छजनाले २० वटा जाहेरी दिएका छन्। उनीहरुले कूल रु.२३ करोड २५ लाख ठगी भएको भनी जाहेरी दिएका छन्।

## शेर्पा र थापाविरुद्ध पक्राउ पुर्जी

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वसभासद् आङ्टावा शेर्पाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । जिल्ला अदालत काठमाडौंले शेर्पाविरुद्ध पक्राउ पुर्जी जारी गरेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

शेर्पाले अमेरिका पठाइदिने भन्दै विभिन्न व्यक्तिबाट रकम असुलेको र यो प्रकरण सार्वजनिक भएपछि नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका सानु भण्डारीलाई भेटेको आरोप लागेको छ ।

यसैबीच नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोप लागेका प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। जिल्ला अदालत काठमाडौंले थापाविरुद्ध पक्राउ पुर्जी जारी गरेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

थापा पूर्वगृहमन्त्री एवं नेकपा (एमाले) उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा हुन् । तत्कालीन गृहमन्त्री थापाका सल्लाहकार रहेका इन्द्रजित राई पक्राउ परेपछि अनुसन्धान गर्दा प्रतीक थापा पनि उक्त घटनामा संलग्न रहेको प्रमाण भेटिएपछि थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ । प्रतीकले यसअघि विज्ञप्ति निकालेर उक्त घटनामा आफ्नो नाम जोडिएको भन्दै आपत्ति जनाएका थिए ।

# प्रहरी युनिटमा नागरिक सहजकर्ता स्थापना

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ३१ वैशाख



डोल्पामा प्रहरी युनिटमा नागरिक सहजकर्ता स्थापना गरिएको छ । कर्णाली सुरक्षा अभियान कार्यक्रम अन्तर्गत प्रहरीका युनिटहरुमा नागरिक सहजकर्ता स्थापना गरिएको हो ।

अब हरेक युनिटमा नागरिक सहजकर्तामार्फत सेवा प्रवाह गर्न थालिएको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायव उपरीक्षक शिव बुढाथोकीले जानकारी दिए । उपरीक्षक बुढाथोकीका अनुसार अब जिल्ला प्रहरी कार्यालयको मूलढोकामा वा प्रहरीको प्राङ्गणमा युनिफर्ममा रहेको सिपाही नागरिक सहजकर्ताका रूपमा खटिने छन् । युनिफर्ममा रहेको प्रहरीले नागरिकलाई सहयोगीको काम गर्नेछन् ।

प्रहरी कार्यालयमा सेवा लिन आउने हरेक सेवाग्राहीले के-कति कामले आएका हुन् ?, सोधपुछ गर्ने र सेवाग्राहीले भने अनुसारको कामको प्रकृतिअनुसार सम्बन्धित व्यक्ति तथा फाँटमा पठाइदिने र सहजीकरण गर्नका लागि नागरिक सहजकर्ताको व्यवस्थापन गरिएको हो ।

प्रहरी कहाँ सेवा लिन आउँदा विचौलियाले नागरिकलाई दुःख दिने हुँदा कोहि पनि त्यस्ता विचौलियाहरुको चपेटामा नपरुँन र जुन फाँट वा जुन व्यक्तिलाई भेट गर्न गुनासो लिएर आएका हुन्, त्यहाँसम्म सेवाग्राहिलाई लिएर जान मद्दत ति युनिफर्ममा रहेका प्रहरी सिपाहीले गर्ने उपरीक्षक बुढाथोकीले जानकारी दिए ।

कर्णालीका दश वटै जिल्लामा पहिलोपटक प्रहरीले यसरी युनिटमा नागरिक सहजकर्ता स्थापना गरेर सेवा दिन थालेको हो । गाउँ तथा दुर्गम ठाउँका अशिक्षित व्यक्ति सेवाका लागि प्रहरी युनिटमा आएका बखत सहजै सेवा लिन पनि अनेकन दुःख पाउने गरेकाले हरेक नागरिकलाई कस्तो सेवाका लागि कुन ठाउँ जाने ?, के गर्ने भनेर निकै अलमलमा परेका हुन्छन् । त्यस्ता सेवाग्राहीलाई अलमलमा नपर्ने गरी सहजीकरण गर्नका लागि नागरिक सहजकर्ताको व्यवस्थापन गरिएको प्रहरीको दावी छ ।

समुदायमा 'प्रहरी मेरो साथी' जस्ता विभिन्न कार्यक्रमबाट नागरिकसँग नजिकको सम्बन्ध राखेको नेपाल प्रहरीले आइतबारदेखि युनिटमा नागरिक सहजकर्ता स्थापना गरेर नागरिकसँगको सामिप्यता थप बलियो बनाउन थालेको हो । प्रहरी युनिटमा नागरिक सहजकर्ता स्थापनापछि अब हरेक नागरिकले प्रहरीबाट पाउने सेवा सहजै पाउनेछन् भने नागरिकले सहजै आफ्ना गुनासाहरु सुनाउन पाउने अपेक्षा राखिएको छ ।

# प्रभावकारी सेवाका लागि संगठित हुँदै कर्मचारी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३१ वैशाख

हुम्लाको उत्तरी नाम्खा गाउँपालिकामा नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामति कार्यसमिति गठन गरिएको छ। प्रभावकारी जनसेवा र पेसागत अधिकार सुनिश्चितताको लागि 'नेपाल कर्मचारी संगठन शान्ति, संविधान, सुशासन र राष्ट्रिय समृद्धिको अभियानमा कर्मचारी संगठन' भन्ने मूल नाराका साथ छिरिङ ग्यूर्मेत लामाको अध्यक्षमा २१ सदस्यीय कार्यसमिति चयन गरिएको हो । दुर्गम जिल्लामा कर्मचारीले काम गरेको तलब पनि नपाएको उदाहरण भएको हुँदा त्यसलाई उजागर गर्दै नयाँ कार्यसमिति चयन गरिएको नवनियुक्त अध्यक्ष छिरिङ ग्यूर्मेत लामाले बताए। अध्यक्ष लामाले कर्मचारीको दुःखको सामना गर्ने हेतुले दुःख पर्दा साथ र कुनै कर्मचारी पीडित भएको अवस्थामा जुनसुकै ठाउँमा पनि उभिनका लागि र संगठन बचाउनको लागि नयाँ कार्यसमिति चयन गरिएको बताए ।

त्यस्तै सोही गाउँपालिकामा एकीकृत अखिल नेपाल शिक्षक संगठन पनि गठन गरिएको छ । यज्ञ बहादुर शाहीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरिएको हो। शिक्षकहरुले जति दुःख गरेपनि प्रतिफल नपाउने, अरु कर्मचारीभन्दा बढी पीडा हुने र कसैले पनि पीडा नदेख्ने भएकाले नयाँ कार्यसमिति चयन गरिएको नवनियुक्त अध्यक्ष ज्ञय बहादुर शाहीले बताए। प्रदेश कमिटी सदस्य एवं नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेम लामाको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश कमिटी सदस्य तथा नाम्खा गाउँपालिका इन्चार्ज डाब्ला लामा लगायतको उपस्थिति रहेको थियो ।


## कावासोती नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

(प्रकाशित मिति २०८०/०२/०१ गते)

यस कार्यलयबाट विभिन्न समयमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क. समेत) | कैफियत |
|---|---|---|---|---|
| 16/KM/NCB/ 2079/80 | Panchakanya Chowk Dekhi Purba Thulo Kulo Samma Nala Nirman | S.R. Deurali Construction and Suppliers Pvt. Ltd. , Shivraj -1, Kapilbastu | 63,78,036.54 | |
| 17/REV/KM/ 2079/80 | Extraction of River Bed Material From Kerunge khola hasaura khonda and thulo khet khanda at Kawasoti, Municipality | Sukarma Construction and Suppliers, Kathmandu 10 | 1,78,00,890.00 | |

प्रमुख प्रशासकीय अधिकृत



## श्री हरिहर संस्कृत तथा साधारण मा.वि.

**पाणिनी-२, पोखराथोक, अर्घाखाँची**

## Invitation for Electronic Bids

**Notice No. 02/SHSGSS/079-80**
**Date of publication: 2023/05/15 (B.S. 2080/02/01)**

1. Shree Harihar Sanskrit and General Secondary School invites Bids from duly eligible and qualified registered Bidders for the procurement of following works under NCB Procedure. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract ID. | Project Description | Estimated Amount (Including VAT & PS, ) | Bid Security | Bid Doc Fee. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SHSGSS/ NCB/ Works/ 2/079-80 | Construction Works of Admin Block of Harihar School (बहुबर्षीय) | NRs. **1,17,06,160.05** | NRs. 2,50,000.00 | NRs. 3,000.00 | E-Bidding Only |

Last date of Bid Submission : 2023/06/14 12:00 Noon. Bid Opening : 2023/06/14 13:00 PM

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| ग्लोवल आ.ई.एम.ई. बैंक, पोखराथोक, अर्घाखाँची | हरिहर संस्कृत तथा साधारण मा.वि., पाणिनी-२, पोखराथोक, अर्घाखाँची | हरिहर संस्कृत तथा साधारण मा.वि. २१५०८०१००००००२ | हरिहर संस्कृत तथा साधारण मा.वि. २१५०८०१००००००२ |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Principal**



Lumbini Provincial Government
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office
**Rupandehi**

## Invitation for Bids

**IFB No:- 23/RIDORUP/079-80**
**Date of Publication: May 15, 2023 (2080-02-01)**

1. Road Infrastructure Development Office, Rupandehi invites electronic bids only from eligible bidders for following works under NCB bidding procedure.

| S. N. | Project Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs) | Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|
| 1 | Tinau Khola PSC Bridge, Gonahawa-Basahawa, Mayadevi, Rupandehi | RIDORUP/RUP/LRBP/ BR/NCB/079/080/69 | 10000.00 | October 12, 2023 | 45,00,000.00 | November 12, 2023 |

2. Requirement for the above Contract numbers;

| S. N. | Contract Numbers | Average Annual Construction Turnover | Contract of Similar Size and Nature | Financial Resources | Key Activities |
|---|---|---|---|---|---|
| 1 | RIDORUP/ RUP/LRBP/ BR/NCB/ 079/080/69 | Minimum average annual construction turnover of NRs 108,000,000.00 | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Pre-stressed Concrete Bridge with Pile Foundation within the last ten (10) years, with a value of at least NRs 108,000,000.00 | NRs. 1,80,00,000.00 | At least one Pre-stressed Concrete bridge with pile Foundation of length 60 m Or At least Two Pre-stressed Concrete bridge with pile Foundation of each span 35 m |

3. Submission and Opening:

| Submission of Bid Date | Submission of Bid Time | Opening of Bid Date | Opening of Bid Time | |
|---|---|---|---|---|
| June 14, 2023 (2080/02/31) | 12:00 hrs | June 14, 2023 (2080/02/31) | 13:00 hrs | Bidders download the bidding document and submit their bids electronically Through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

4. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000200010000 (Rajaswa) | Office code : 3370148025, Road Infrastructure Development Office, Rupandehi Revenue Heading no: 14229 |

5. Pre-bid meeting shall be held at the office on **June 4, 2023 (2080/02/21) at 11:00 AM**
6. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.





## सम्पादकीय

# नफुटेको मौनता

पूर्व गृहमन्त्री रहेका नेपाली कांग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँण पक्राउ परेपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दुई पटक शीर्ष नेताहरूको बैठक राखे । २७ वैशाखमा खाँण पक्राउ परेपछि भोलिपल्टै शीर्ष नेताहरूको बैठक राखेका थिए । तर त्यसदिन कुनै निर्णय नलिइ अर्को दिन फेरि जुट्नेगरी बैठक सकियो । २९ वैशाखमा फेरि शीर्ष नेताहरूको बैठक बस्यो । तर फेरि पनि कुनै निर्णय नगरी बैठक सकियो । त्यसपछि सभापति देउवाले शीर्ष नेताहरूको बैठक नै राखेका छैनन् । बरू प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख प्रतिपक्षी दलका अध्यक्ष केपी शर्मा ओलीसँग लगातार छलफलमा बसिरहेका छन् । शीर्ष नेताहरूको बैठकलाई लिएर अनेक आशंका गरिदै आएको छ । तर सभापति देउवाले अहिलेसम्म कुनै सार्वजनिक अभिव्यक्ति दिएका छैनन् ।

प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीले चाहिँ सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणको छानबीनका क्रममा पक्राउ पूर्जी जारी भएका टोपबहादुर रायमाझीलाई एमालेले निलम्बन गरेको छ । २० पुसमा पक्राउ पूर्जी जारी भएका रायमाझीलाई आइतबार साँझ प्रहरीले काठमाडौंको बुढानिलकण्ठबाट पक्राउ परेका छन् । प्रहरीलाई सहयोग गर्न दिएको निर्देशन पालना नभएको भनेर पार्टी सचिव रायमाझीलाई निलम्बन गरेको छ । एमालेले एककदम अगाडि बढेर अरू भ्रष्टाचारका मुद्दामा पनि छानबीन हुनुपर्ने माग राखिसकेको छ । तर कांग्रेस सभापति देउवाले मुख खोलेका छैनन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको आशंकामा पक्राउ परेका खाँणलाई निलम्बनको माग गर्दै कांग्रेसकै कार्यकर्ता बरू सडकमा उत्रिएको छ ।

आइतबार कांग्रेस निकट विद्यार्थीहरूले सडक प्रदर्शन गर्दै खाँणलाई निलम्बनको माग राखेका थिए । यसअघि कांग्रेसकै महामन्त्रीहरू गगन थापा र विश्वप्रकाश शर्मासहित नेताहरूले खाँणलाई निलम्बन गर्नुपर्ने राय राखेका थिए । तर सभापति देउवा पार्टीभित्र र बाहिरको दबाव सुनिरहेका छैनन् । देशभर नागरिक अगुवाहरूले प्रदर्शन गरेरै खबरदारी गरेका थिए । सभापति देउवाको यो मौनतालाई लिएर सामाजिक सञ्जालमा नागरिक आक्रोश चर्को देखिन्छ । देशका नागरिकलाई नक्कली भुटानी बनाउने जस्तो अपराधिक कार्यमा संलग्न रहेको आरोप लागेका नेताको बचाउमा सभापति देउवा रहेको सन्देश आमवृत्तिमा गएको छ । तर सभापति देउवाको मौनता टुटेको छैन । जबकी अनुसन्धानमा खाँण निर्दोष सावित हुँदा फेरि पार्टीको पुरानै भूमिकामा आउन सक्ने ठाउँ छ । यति सजिलो विकल्प हुँदाहुँदै देउवामा देखिएको मौनताले राजनीतिक नेतृत्वप्रति आशंका बढेको छ ।

# जिम्मेवार राजनीतिको परिकल्पना

अग्रलेख



● कृष्ण बेलबासे

राजनीति गर्नेहरुका केही तहहरु छन् । एकथरी जीवनको लामो समय राजनीतिका लागि बिताउनेहरु छन् । उनीहरु देशमा आजसम्म भएका राजनीतिक परिवर्तनहरुमा आफ्नो निकै योगदान रहेको दाबी गर्दछन् । हुन पनि हो, तिनीहरुमध्ये कतिपयले जेल र यातना सहेका छन् । त्यसो देख्दा उनीहरु नेता र परिवर्तनका बाहक भएको जस्तो लाग्दछ । अर्काथरी, राजनीतिमा उल्लेखनीय योगदान गर्नेहरु नभई आफुलाई नेता र परिवर्तनका बाहक बताउनेहरुका पिछलग्गू र नातेदारहरु छन् । यी दुवै पक्षमा पर्नेहरु आफुलाई प्रजातन्त्रवादी एवम् समाजवादी र कम्युनिष्टसम्म बताउने गर्दछन् । तर, तिनीहरुको आचरण र व्यवहारलाई हेर्दा तिनको सिद्धान्त र दर्शनसँग कुनै सरोकार रहेको पाइँदैन । यो कुराको प्रमाण खोज्न धेरै मिहेनत गर्नु पर्दैन । आफुलाई स्वार्थी र विवेकहिन हुनबाट जोगाएर तिनले राजनीतिको नाऊमा गरेका तुच्छ एवम् आपराधिक गतिविधिहरुसँगै तिनले समय समयमा व्यक्त गर्ने अभिब्यक्तिबारे ध्यान दिनु पर्याप्त हुन्छ । सोबारे प्रष्ट भएपछि तिनीहरूप्रति घृणा मात्र नभएर आफुहरु कस्ता पात्रहरुद्वारा शासित हुनुपरेको होला भन्ने कुरामा लज्जा बोधसमेत हुन जान्छ ।

राजनीति निःस्वार्थी र बलिदानी भएर राष्ट्र र जनताको हितप्रति समर्पित हुने गतिविधि हो । राजनीतिमा संलग्न हुनेले गर्ने लगानी त्याग, बलिदान र सेवा हो । सो लगानी बापत उसले प्राप्त गर्ने फाइदा, जनसमर्थन र सम्मान मात्र हो । आर्थिक लाभ र सुविधा होइन । यससँगै राजनीति गर्नेले आफु आफ्नो दायित्वप्रति इमानदारीपूर्वक लागेको कुरा आफुले गरेका कामको परिणामबाट देखाउन सक्नुपर्दछ । आफु स्वार्थप्रेरित भई अर्कोको हितप्रति घात गरेर होइन । तर बिडम्बना, नेपालका नेता एवम् राजनीतिकर्मीहरु भाषणमार्फत देशमा सकारात्मक राजनीतिक परिवर्तन भएको छ र देश विकासले नयाँ गति लिएको छ, यो कार्य आफुहरुको योगदानका कारण सम्भव भएको हो भनी दाबी गर्दछन् । तर, उनीहरुको ध्येय देशमा सकारात्मक परिवर्तन र विकासलाई गतिदिने कुरातर्फ नभएर राजनीतिमा आफुले गरेको लगानी बापत् आर्थिक एवम् भौतिक फाइदा लिने कुरो मात्र रहेको छ । यसबारे प्रष्ट हुन देशमा राजनीतिलाई व्यवसायीकरण गरी अकुत कमाई गर्ने कार्यप्रति उनीहरुको जोड रहेको कुरालाई केलाउनु पर्याप्त हुनजान्छ । नपत्याए हेरौं न, हिजो सामान्यरूपमा जिविका धान्न नसक्ने ती पात्रहरु आज नवसामन्तको श्रेणीमा उक्लिएका छन् । यत्तिमात्र नभएर राजनीतिलाई आधार बनाएर राजनीतिक (पार्टी नेता, राष्ट्रपति/उपराष्ट्रपति, प्रधानमन्त्री/मन्त्री, सांसद आदि) प्रशासनिक, न्यायिक, कुटनीतिक, रक्षालगायतका जिम्मेवारी बोकेकाहरुले प्रस्तुत गरेको निम्नस्तरीय आचरण एवम् व्यवहारले ती पदहरुको गरिमालाई नै घटाइदिएको छ । यसका लागि लामो समयदेखि ती पदहरुमा कायम पात्रहरुसँगै भर्खरै निर्वाचित पात्रहरुको स्वार्थी एवम् निकृष्ट व्यवहारलाई हेर्नु पर्याप्त हुनजान्छ ।

वास्तवमा कुनै पदमा कायम व्यक्तिको इमानदारिता एवम् पदीय जिम्मेवारीप्रतिको प्रतिबद्धता पदीय योग्यताभन्दा बढी महत्वपूर्ण हुँदोरहेछ भन्ने कुरा २०४६ र २०६३/६४ का आन्दोलनहरुले निम्त्याएका परिवर्तनहरु पश्चात् सार्वजनिक जिम्मेवारी बोकेका अधिकांश व्यक्तिहरुको व्यवहारले प्रमाणित गरिदिएको छ । यस किसिमको परिस्थिति सिर्जना हुनुमा आफुलाई परिवर्तनका बाहक बताउनेहरुको व्यवहार र संस्कार नै प्रमुखरूपमा जिम्मेवार रहेको कुरा प्रष्ट देखिन्छ । कुरा यत्तिमा मात्र सिमित नरहेर कथित परिवर्तनका बाहक र तिनका मतियार एवम् पृष्ठपोषकहरुले झुट्टा अभिव्यक्तिहरु दिएर जनतामा भ्रम फैलाउने र आफ्ना गल्तिहरुलाई नयाँ रंगदिने कार्यहरु समेत गर्दछन् । यस कुराको प्रमाणको रूपमा हेरौं न, एकजना पूर्वप्रधानमन्त्रीले आफुसँग राग नमिल्दा अन्य पात्रहरु (पूर्वप्रधानमन्त्रीहरु)लाई भ्रष्टाचार एवम् कमिशनमा संलग्न रहेको आरोप लगाउँदछ । तर, फेरी केही समयपछिको राजनीतिक सौदावाजीमा सामेल हुन आफैले ठहऱ्याएको भ्रष्ट एवम् कमिशनखोरलाई योग्य, इमानदार र सक्षम व्यक्तिको पगरी गुथाईदिन्छ । यो हेरेर अब जनताले कसलाई इमानदार र कसलाई बेइमानको उपमा दिने त ?

यस प्रसङ्गमा स्वाभाविकरूपमा प्रश्नहरु उभिन्छन्, त्यसो भए अहिलेको अवस्थामा सुधार कसरी सम्भव छ त ? अनि अहिलेका भ्रष्टहरुको विकल्प को त ? यस प्रसंगमा स्पष्ट हुनुपर्ने कुरा देशमा भएका भनिएका परिवर्तनहरुको लागि जिम्मेवार पक्ष यतिबेला सत्तामा पुगेर लुटतन्त्र कायम गर्नेहरु मात्र होइनन्, यसमा नेपाली जनताको समेत लगानी छ । उनीहरुले कुरा बुझेर होस् वा नबुझी यी लुटाहा पात्रहरुलाई सहयोग एवम् समर्थन दिएर



*राजनीति निःस्वार्थी र बलिदानी भएर राष्ट्र र जनताको हितप्रति समर्पित हुने गतिविधि हो । राजनीतिमा संलग्न हुनेले गर्ने लगानी त्याग, बलिदान र सेवा हो । सो लगानी बापत उसले प्राप्त गर्ने फाइदा, जनसमर्थन र सम्मान मात्र हो । आर्थिक लाभ र सुविधा होइन ।*

योगदान/गल्ति गरेका छन् । थपरूपमा २००७ सालदेखि आजसम्म हामीकहाँ भएका भनिएका परिवर्तनहरुको पछाडि विदेशीको स्वार्थ एवम् योजनाले समेत काम गरेको छ । त्यसैले परिवर्तनपछि राजनीतिक पात्रहरुले सत्तामा पुगेर वा पकड जमाएर आफ्नो लगानीको ब्याज र नाफासमेत असुल्ने गरेका छन् भने विदेशीहरुले समेत त्यस्ता पात्रहरुलाई प्रयोग गरेर आफ्नो लगानी बापतको फाइदा असुल्ने कार्य गरेका छन् । तर, आम जनताले भने खासै फाइदा लिन सकेका छैनन् । तीमध्येका केहीले पार्टीको सदस्य बनेर लुटाहालाई बल पुऱ्याई थोरबहुत फाईदा लिएका छन् । यसरी परिवर्तन देशका लागि अफाप सिद्ध हुन पुगेको छ ।

यहिँनेर चर्चा गरौं, यदि जनता सजग र विवेकयुक्त भइदिएका भए केही फाइदा उनीहरुले समेत प्राप्त गर्न सक्दथे । त्यसरी जनताले फाइदा लिने स्थिति बनेको भए स्वदेशी एवम् विदेशीहरुले लिने गरेको फाइदामा कमी आउन सक्दथ्यो । जनताले जसरी लुटाहा र विदेशीको योजनामा भएका परिवर्तनहरुमा योगदान दिए, त्यसैगरी उनीहरुले आफुले फाइदा लिन केही जिम्मेवारी बहन गर्नुपर्दथ्यो । त्यो जिम्मेवारीबारे राबर्ट ए डाहलको, “कुनैपनि बहुलवादी नागरिक समाजमा राज्यको होस् वा यसअन्तर्गतका एकाईहरु हुन् वा स्वतन्त्र संघसंस्थाहरु कतै पनि संचालन प्रक्रियामा देखिने अप्रजातान्त्रिक पक्षबारे चुपचाप स्वीकृति दिएर बस्नुहुँदैन” भन्ने भनाईलाई मनन गर्नु उपयुक्त हुन्छ । हामीकहाँ नागरिकहरुमा यस किसिमको सोंच नहुनुले पनि राजनीति जनहितलाई उपेक्षा गर्दै आफ्नो निहित स्वार्थपुर्ति गर्ने अभियानलाई बल मिलेको छ । यसै प्रसंगमा स्व. विपि कोइरालाको “नेतृत्वले गलत गर्दा टुलुटुलु हेरेर बस्ने कार्यकर्ता, या त चरम अवसरवादी हुन्, या त दास हुन्” भन्ने अभिव्यक्ति पनि उत्तिकै मननीय छ । हुनत देशमा परिवर्तनको नाऊमा विकृति भित्र्याउने कुरोमा विपिको समेत गल्ति रहेको कुरोलाई अस्विकार गर्न सकिँदैन । तापनि ढिलै भएपनि (२०३३ तिर) आफ्ना गल्तिहरुलाई स्वीकार गर्दै राष्ट्र बचाउन ज्यानको समेत जोखिम मोलेर देश फर्किई पार्टी कार्यकर्तालाई सजग र सचेत तुल्याउन लागि पर्ने विपिको योगदानलाई कदर गर्नुपर्छ । तर, यतिबेला विपिलाई अपमानित गर्दै कांग्रेस देश डुबाउन लागिपरेको देखिन्छ ।

अब रह्यो वर्तमान दलीय शोषणवादी व्यवस्थाको बिकल्प को त ? निश्चय पनि देशमा बिकल्पको खोजी लामो र निरन्तर अभियानको रूपमा रहेको छ । २०४६/४७ सालमा पञ्चायतको बिकल्पको रूपमा बहुदलको पुनर्स्थापना भयो । तर, त्यसले पाँच वर्षको छोटो अवधिमै जनआकांक्षालाई लत्याएर दलीय लुटतर्फ डोरिने गति लियो । त्यसको बिकल्प खोज्न भन्दै १० वर्षसम्म शसस्त्र युद्धलाई निरन्तरता दिइयो । तत्पश्चात् भएको जनआन्दोलनको उपलब्धिको रूपमा देशमा धर्म निरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । यतिबेलासम्म सोही व्यवस्थाले निरन्तरता पाइराखेको छ । अब पञ्चायतको बिकल्प बहुदल र सोको बिकल्प लोकतन्त्र हुनसक्यो वा सकेन ? भनी हेर्दा वैयक्तिक स्वतन्त्रताको हिसाबले त अघिल्लोभन्दा पछिल्लो व्यवस्थालाई उपयुक्त भन्न सकिएला । तर, सोबाहेक राष्ट्रियताको संरक्षण, जनहित, सामाजिक सद्भाव र जनउत्तरदायित्वको हिसाबले अघिल्लोभन्दा पछिल्ला व्यवस्थाहरु झन् खराब रहेको प्रमाणित हुँदै गएको छ ।

जहाँसम्म बैकल्पिक नेतृत्वको कुरा छ, हिजो पञ्चायतको बिकल्पमा दलीय व्यवस्था, तत्पश्चात् दलहरुमध्ये पनि एकको बिकल्प अर्को जस्ता देखिन्थे । त्यो उनीहरुले सत्ता दुरूपयोगको अवसर न पाउँदासम्म अप्रकट भ्रम रहेछ । अब त बिकल्पको कुरै छाडिदिऊ, भ्रष्ट अभियानलाई गति दिन जुनसुकै दल, जोसुकैसँग गठबन्धन गरेर अघि बढ्ने गरेको कुराले यथार्थतालाई प्रष्ट्याउँछ । यसरी दलहरु प्रमाणितरूपमा आफैले सिर्जना गरेको दलदलमा फँसेका दलालहरु भए । दलहरुको यस किसिमको छुद्र व्यवहारलाई देखेपछि अरुको त कुरै छाडिदिऊ, दलमा आबद्ध जनसमुदायहरु पनि सन्तुष्ट देखिँदैनन् । त्यसैले दलहरुको पतन सुनिश्चित छ । रह्यो कुरा बिकल्पको, दलहरूप्रतिको असन्तुष्टीका कारण केही क्षेत्रका जन समुदायहरु नयाँ दलहरुप्रति आकर्षित भएको पाइन्छ । तर, यो कुनै सकारात्मक संकेत होइन । कारण, नयाँ दलको नेतृत्व भनाउँदाहरुसँग हिजोका दलहरुको कुकर्मलाई नंग्याउनु बाहेक अरु कुनै आदर्श, विचार, योजना र कार्यक्रम छैन । तिनीहरुलाई राजनीतिबारे खासै जानकारी र अनुभव पनि छैन । तिनीहरुले सरकार संचालन कार्यलाई विदेशीको सहयोगमा संचालित गैरसरकारी संस्था (एनजिओ) संचालन गर्ने तरिकाभन्दा फरक अर्थमा बुझेका छैनन् ।

जनतामा बिस्तारै सजगता बढ्दै गएकोले अब उनीहरुलाई नयाँका कमजोरीहरु पहिल्याउन धेरै समय लाग्ने छैन भन्ने बारेमा पनि सजग हुनु आवश्यक छ । त्यसैले अब देशमा कायम विकृतिहरुलाई सच्याउँदै देश र जनताको हालत सुधार्ने हो भने नेपालीहरुले पहिले आफुहरु माझ कायम विकृतिलाई सुधार्नेतर्फ लाग्नुपर्दछ । यसरी विकृतिलाई सुधार्ने कुरो गर्दा एकथरीलाई पश्चिमाहरुको शिक्षा, संस्कृतिको अनुकरण गर्नु ठीक हो भन्ने लाग्न सक्दछ । यस विषयमा पश्चिमी नशामा लट्ठिएका नयाँ र पुराना दलका विदेशी दलालहरु बिच नयाँ गठबन्धन समेत बन्नसक्ने सम्भावना छ । तर, यदि देश बचाउने र जनताको अवस्थामा सुधार ल्याउने हो भने यसो कदापी हुन दिनुहुँदैन । यसले देशमा नवऔपनिवेशिकता कायम गर्ने योजनालाई बल पुऱ्याउने कार्य मात्रै गर्नेछ । यदि देशमा कायम विकृतिलाई सुधार्ने हो भने शिक्षा, आधुनिकता र विकासको नाऊमा हामीले हिजोदेखि अनुसरण गरिरहेका विकृत सोंचहरुलाई हटाएर पूर्वीय दर्शन, हाम्रो भाषा संस्कृति र पृथ्वीनारायण शाहको दिब्योपदेश जस्ता कुराहरुमा सम्मिलित राष्ट्रवादी नीतिहरुलाई प्राथमिकता दिएर अगाडि बढ्नुपर्ने देखिन्छ । जसले यी र यस्तै उपयोगी कुराहरुलाई प्राथमिकता दिएर नेतृत्व गर्न तयार हुन्छ, त्यसलाई बिकल्पको रूपमा स्वीकार गर्नुपर्छ । अन्यथा नयाँ पुरानो जुनसुकै ब्राण्डमा भित्र्याए पनि विकृति विकृति नै हुनेछ । त्यसलाई फेशनको रूपमा लिनु आत्मघाति कुरो नै हुनेछ । त्यसो हुन गएमा ‘एक पटक ठग्ने ठग्ने चोर, सय पटक ठगिने ठगिने चोर’ भन्ने उखानले सार्थकता पाउनेछ ।

## सामाजिक सञ्जाल



- निलाम्बर आचार्य

नेपाल राज्य अहिले भयंकर ऐतिहासिक परीक्षणमा छ । अविश्वसनीय, अराजक र भ्रष्ट राज्य प्रमाणित हुने वा विकट स्थितिलाई सम्हाल्न र कानूनको सर्वोपरिता लागु गर्न सक्षम राज्य बन्ने । अपराधै अपराधको गोलोको रूपमा देखिएको यो मानव तस्करी काण्डका दोषीहरू जोसुकै होउन् दण्डित हुनुपर्छ ।



- गणेश पौडेल

प्रमाणहरू खुल्दै जालान् या देउवा दबाबमा लुक्दै जालान् त्यो अलग विषय हो तर, नक्कली भुटानी शरणार्थी प्रकरणमा उनको संलग्नता लोक जाहेर विषय हो । यो महाकाण्डकी मुख्य खेलाडीको अन्तरवार्ता ट्याक्क यही बेला पारेर लिनु पत्रकारिताको ‘इथिक्स’ भित्र पर्छ कि पर्दैन कुन्नि ?



- नवराज पन्त

अहिले हाम्रो देशको राजनीतिकर्मीलाई हेर्दा उनीहरु उद्योगीभन्दा नाफामा देखिन्छन्, सरकारी भवनहरु पनि ठूला-ठूला अजङका बनेका छन् तर, जनता कर तिर्न नसक्ने गरी थलिएका छन् । जब कर चुस्छन्, उद्योग गर्ने वातावरण हुँदैन र जनता हर क्षेत्रमा घाटामा जान्छन् त्यो देशमा बिपन्न/दरिद्रतामात्र उत्पादन हुन्छ ।



- विनोद न्यौपाने

प्रथमतः पैसो लिएर सार्वभौमिकता रूपान्तरण गरियो, त्यसपछि बिना नागरिक बनाइयो । अर्थात् नेपालीबाट भुटानी अनि त्यो शरणार्थी । कुनै मुलुकको नागरिक होइन । यो कार्य मुलुकको पार्टी नेतृत्वमा रहनेहरू, गृह मन्त्रालय सम्हाल्ने मन्त्री र सचिवले आदि इत्यादि मिलेर गरे ! भनेपछि बाँकी रह्यो के ?

# यातायात क्षेत्रका श्रमिकहरुको सवाल

विचार



● भीमज्वाला राई

*यातायात क्षेत्रले नेपालमा अझै उद्योगको रूपमा आफूलाई विकास गर्न सकिरहेको छैन । करिब १० खर्ब लगानी रहेको यस क्षेत्रको लगानी क्रमशः पलायन भइरहेको छ । श्रमिक कानूनी संरक्षणभन्दा बाहिर छन् । रोजगारीको ग्यारेन्टी छैन, सामाजिक सुरक्षा योजनामा समेटिएका छैनन् ।*

नेपालको श्रम बजारमा ठूलोमध्येको श्रम क्षेत्र यातायात क्षेत्र हो । यातायात क्षेत्रमा प्रत्यक्षरूपमा ११ लाख श्रमिक रोजगारीमा जोडिएका छन् । वि.सं. १९७३ देखि मान्छेले बोकेर काठमाडौं प्रवेश गराएको इतिहासलाई हेर्ने हो भने नेपालमा यातायातका साधनको प्रवेश भएको एक सय सात वर्ष पूरा भइसकेको छ । तर, यातायात क्षेत्रले नेपालमा अझै उद्योगका रूपमा आफूलाई विकास गर्न सकिरहेको छैन । करिब १० खर्ब लगानी रहेको यस क्षेत्रको लगानी क्रमशः पलायन भइरहेको छ । श्रमिक कानुनी संरक्षणभन्दा बाहिर छन् । रोजगारीको ग्यारेन्टी छैन, सामाजिक सुरक्षा योजनामा समेटिएका छैनन् । श्रमिकहरु आधारभूत अधिकारबाट वञ्चित छन् । भएको कानुनी अधिकारबाट श्रमिक क्रमशः वञ्चित हुँदै गइरहेका छन् ।

### कानूनको अपर्याप्तता

यो क्षेत्रको व्यवस्थापनका लागि सवारी तथा यातायात व्यवस्था ऐन २०४९ पर्याप्त होइन । तर, त्यसमा भएका कतिपय व्यवस्थाहरु श्रमिकहरुलाई पीडा दिने गरी त्यसलाई प्रयोग गरिएको छ । ऐनको दफा १६१ को उपदफा (१) (२) र (३) को सन्दर्भमा मूलतः हरेक सडक दुर्घटनालाई उपदफा (२)को लापरबाहीसँग जोड्ने र श्रमिकलाई जेल जान बाध्य पार्ने गरी यस कानूनको दुरूपयोग भइरहेको छ । यसका कारण कतिपय निर्दोष श्रमिकहरु जेलजीवन बिताउन बाध्य छन् ।

त्यस्तै, ऐनको दफा १६४ मा ट्राफिक नियम उल्लंघन गरेमा पहिलो पटकलाई रु पाँच सय, दोस्रो पटक गर्नेलाई रु एक हजार र तेस्रो पटक वा सोभन्दा बढी उलङ्घन गर्नेलाई रु एक हजार पाँच सय भन्ने उल्लेख छ । तर, ऐनको उक्त दफाविपरीत काठमाडौं उपत्यकालगायतका ट्राफिक प्रहरी कार्यालयले सुरुकै अवस्थामा रु एक हजार पाँच सय जरिवाना गर्ने गरेको पाइन्छ । यसरी कानून कार्यान्वयन गराउने निकायबाटै कानुन मिचिरहेको छ । कानुनले न्यूनतम जरिवाना पाँच सय तर ट्राफिक प्रहरीले न्यूनतम जरिवाना नै एक हजार पाँच सय मानेर जरिवाना गरेपछि गएको पुस, माघ र फागुनमा यातायात श्रमिकले आन्दोलन नै गर्नुपरेको थियो । यसरी श्रमिकहरुको कानुनी अधिकारसमेत क्रमशः खोसिँदै गइरहेका छन् ।

त्यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ६० ले चालकले पूरा गर्नुपर्ने शर्तहरु पाँच पटकभन्दा बढी उलङ्घन गरेमा छ महिनासम्म लाइसेन्स निलम्बन गर्ने गरी सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम २३ (क) ले शर्तहरु स्पष्ट उल्लेख गरेको छ । तर सबै प्रकारका सामान्य कसुरमा पनि ट्राफिक प्रहरीले चालकहरुको लाइसेन्स निलम्बन गर्ने गरेर श्रमिकका अधिकारहरुमाथि क्रमशः धावा बोल्ने काम गरिरहेको छ । यसरी उपत्यकामा मात्रै करिव एक हजार श्रमिकको लाइसेन्स निलम्वन भएको छ । श्रमिकहरुको आन्दोलनको बलमा लाइसेन्स फिर्ता भएपनि राज्यले त्यसबापत थप कर असुलेको छ ।

### सामाजिक सुरक्षा

वि.सं. २०७४ मा ऐन बनेर २०७५ मङ्सिर ११ गतेदेखि कार्यान्वयनमा आएको श्रमिकको जीवनचक्रमा आइपर्ने संकटहरुको समाधान र भविष्यप्रतिको सुरक्षाका लागि महत्वपूर्ण योजना समेटिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजना यातायात क्षेत्रमा अझै कार्यान्वयनमा आएको छैन । विसं २०८० वैशाखदेखि अनौपचारिक श्रम क्षेत्रमा समेत कार्यान्वयन गर्ने भनेको सामाजिक सुरक्षा कोषबारे सरकारले कुनै चासो देखाएको छैन । विभिन्नखालका जोखिमका बीच काम गरिरहेका श्रमिकको जीवनको रक्षा र भविष्यप्रतिको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषको दायरामा श्रमिकलाई समेट्नु अपरिहार्य छ ।

### बेरोजगार थप्दै सरकार


भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २०७१ कात्तिक १ गतेदेखि कार्यान्वयन हुने गरी यात्रुवाहक सार्वजनिक सवारी साधनलाई मात्रै लागू हुने गरी सवारी साधनको आयु तोकेर २० वर्ष पुगेका सवारीसाधनलाई हटाउने निर्णय गरेको थियो सो निर्णयपछि हालसम्म करिब आठ हजार सवारी साधन विस्थापित हुँदा करिब १० अर्ब पूँजी डुबिसकेको छ । यसका कारण स्वरोजगारहरु वेरोजगार भएका छन्, कैयौंको उठिबास भएको छ ।

निर्णय कार्यान्वयनमा आयो, लगानी डुब्यो, बेराजगारी बढे तर सरकारले यो निर्णय गर्नुको वैज्ञानिक कारण अहिलेसम्म बताउन सकेको छैन । तर यसको मूल कारण बहुर्राष्ट्रिय कम्पनीको आफ्ना उत्पादन बेच्न बजार खाली गर्ने रणनीति प्रमुख कारण हो । यसले श्रमिक र स्वरोजगारलाई मात्रै बेरोजगार बनाएको होइन । यसले क्रमशः नेपाल अर्थतन्त्रलाई कमजोर बनाउँदै गइरहेको छ । त्यति मात्र होइन, राष्ट्रिय पुँजी पलायन हुने जोखिम पनि उत्तिकै बढेको छ । यस्ता अव्यावहारिक निर्णय तत्काल सच्याउँदै यान्त्रिक परीक्षणका आधारमा उपयुक्त सवारीसाधन चल्न दिने नीति निर्माण गर्न धेरै वटा सरकारसँग अपिल गर्दासमेत यसका विषयमा चासो लिने काम भएको छैन ।

**(लेखक नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष हुन् ।)**

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नौलो मित्र बन्नेछ । बाहन चलाउँदा सावधानी राख्नुपर्छ । |
| वृष | : | राजनैतिक सहयोग प्राप्त हुन्छ । तथापी, विवादमा परिने योग छ । |
| मिथुन | : | धन-लाभमा कमी आउनेछ । समय खेर जानेछ । |
| कर्कट | : | घरेलू कार्यमा अनावश्यक खर्च हुनेछ । सबै कार्यमा धैर्यता राख्नुपर्छ । |
| सिंह | : | कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ । |
| कन्या | : | घरेलू सहयोग राम्रो रहनेछ । सबै कार्यमा सावधानी राख्नुहोस् । |
| तुला | : | सम्मान प्राप्त हुनेछ । व्यापारिक प्रगति राम्रो हुनेछ । |
| वृश्चिक | : | प्रसन्नतामा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| धनु | : | लापरवाहीले गर्दा अशान्ति र रुकावटको योग छ । |
| मकर | : | अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । विस्तारै प्रगति हुनेछ । |
| कुम्भ | : | शैक्षिक प्रगति हुनेछ । पराक्रममा वृद्धि हुनेछ । |
| मीन | : | सोचेको काम पूरा हुनेछ । धनवृद्धि हुने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

नेपाल–स्पेन सम्बन्धको ५५ वर्ष पूरा

# म्याड्रिडमा हिमशिखरको नाममा घोडादौड



कुमार पौडेल/मध्यान्ह
स्पेन, ३१ वैशाख

युरोपेली मुलुक स्पेन र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५५ वर्ष पुरा भएको छ । सोही अवसरमा स्पेनस्थित नेपाली दूतावासले नेपालमा रहेका आठ हजारभन्दा माथिका हिमालका नाममा घोडादौड कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालका अग्ला हिमशिखर सगरमाथा, मकालु, कञ्चनजंगा, ल्होत्से, चोयु, धवलागिरी, मनास्लु र अन्नपूर्ण हिमशिखरका नाममा घोडादौड गरिएको स्पेनका नेपाली राजदूत डा. शर्मिला पराजुली ढकालले जानकारी दिइन् ।

सो अवसरमा स्पेन सरकारका विभिन्न मन्त्रालयका उच्च पदस्थ कर्मचारी तथा विभिन्न देशका राजदूतहरुको उपस्थिति रहेको थियो । राजदूत ढकालले यस कार्यक्रम गर्न पाउँदा आफूलगायत सिंगो नेपाली समाज खुसी भएको बताइन् ।

घोडा दौडमा ८ वटा हिमालको नाम राख्नुको कारणबारे उनले भनिन्, 'यसको मूल उद्देश्य भनेको विश्वका ८ हजार मिटरभन्दा अग्ला १० वटा हिमशिखरमध्ये ८ वटा नेपालमै पर्छन् भनेर चिनाउनु नै हो ।' जलवायु परिवर्तनको सांकेतिक स्वरूपका रुपमा पनि घोडा दौड नै आयोजना गरिएको राजदूत ढकालले बताइन् । 'क्लाइमेट चेन्जले स्पेनमा पनि पानीको कमी भइरहेको छ,' उनले भनिन्, 'पानीको अभावका कारण फुड सेक्युरिटी च्यालेन्ज पनि भइरहेको छ ।'

गैरआवासीय नेपाली संघ (एनआरएनए)का पदाधिकारीहरले कार्यक्रम गरेकोप्रति खुसी व्यक्त गरेका छन् । लामो समयको छलफल र मिहेनतपश्चात कार्यक्रम सफल भएको एनआरएनएका पदाधिकारीहरु बताउँछन् । साथै एनआरएन स्पेनका लागि नयाँ सदस्यहरुको फारम खुलेको अध्यक्ष शालिकराम डुम्रेले बताए ।

**नेपाल–स्पेन कूटनीतिक सम्बन्ध**

यी दुई देशको सम्बन्ध स्थापित हुनुमा तत्कालीन राजा वीरेन्द्र शाहको नाम आउँछ । नेपालको राजा हुँदा उनले गरेको राजकीय भ्रमणपश्चात स्पेनसँग कूटनीतिक सम्बन्ध अगाडि बढेको हो । नेपाल र स्पेनबीच मे १३, १९६८ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । स्व. राजा वीरेन्द्र र स्व. रानी ऐश्वर्यले सन् १९८३ मा स्पेनको राजकीय भ्रमण गरेका थिए । स्पेन भ्रमणको क्रममा दुई देशबीच सांस्कृतिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो । राजा वीरेन्द्र र रानी ऐश्वर्यको निमन्त्रणामा स्पेनका राजा खुआन कार्लोस र रानी सोफियाले सन् १९८७ मा नेपालको राजकीय भ्रमण गरेका थिए । सन् १९८४ जुलाईमा राजा वीरेन्द्रले स्पेनका राजा, स्पेनी जनता र स्पेन सरकारलाई हिमालयन रेड पाण्डाको एक जोडी उपहार पनि दिएका थिए ।

त्यसपश्चात नेपाल सरकारले फेब्रुअरी २०, २०१७ मा स्पेनको राजधानी म्याड्रिडमा राजदूतावास स्थापना गरेको थियो भने भरतबहादुर रायमाझीलाई पहिलो राजदूत नियुक्त गरिएको थियो । उनी दूतावास स्थापना गर्न १० जनवरी २०१८ मा म्याड्रिड पुगेका थिए । नयाँ दिल्लीस्थित स्पेनको आवासीय दूतावासले नेपाललाई समेत हेर्दै आएको छ ।

# प्रेस सेन्टर रुकुम पश्चिमको नयाँ कार्यसमिति गठन



प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, ३१ वैशाख

रुकुम पश्चिममा प्रेस सेन्टरको नयाँ कार्यसमिति गठन गरिएको छ । विशेष साधारण सभाबाट नयाँ कार्यसमिति गठन गरिएको प्रेस सेन्टर रुकुम पश्चिमले जनाएको छ ।

देवकुमार ओलीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति गठन गरिएको छ । जसको उपाध्यक्षमा सिजन बाठा, नारायण ओली, सचिवमा मनिस खड्का, सहसचिवमा सन्देश जैसी र दिपेन्द्र महरा तथा कोषाध्यक्षमा सत्य बटला चयन भएको नवनिर्वाचित अध्यक्ष ओलीले जानकारी दिए ।

साधारण सभामा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य बसन्त शर्मा, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य गोपाल शर्मा, प्रेस सेन्टरका केन्द्रीय उपाध्यक्ष ध्रुवविक्रम बुढाथोकी, नेकपा माओवादी केन्द्र जिल्ला संयोजक गोविन्द रोका, प्रेस सेन्टरका केन्द्रीय सदस्य मेगराज खड्कालगायतको सहभागिता रहेको थियो ।

**D SQUARED GROUP PVT.LTD. को जरुरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त यस D SQUARED GROUP PVT. LTD (श्रम इ.नं. १५०५/०७४/०७५) को नाम प्रयोग गरेर केही अनाधिकृत व्यक्तिहरुले युरोप लगायत विभिन्न मुलुकको डिमाण्ड छ भन्दै वैदेशिक रोजगारमा पठाई दिन्छु भनी राहदानी र रकम संकलन गरिएको भन्ने बुझिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि.को कहीं कतै शाखा र सम्पर्क कार्यालय नभएको र कोही एजेन्ट समेत नभएको पनि यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदछौं । साथै यस प्रा.लि.को नाममा गरिने आर्थिक कारोबार यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं । यस प्रा.लि. को नाममा कुनै अनिधिकृत व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

D SQUARED GROUP PVT. LTD.
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu, Nepal
Contact No.: 4495529, 4497767 Email: dsquaredgroup23@gmail.com | Website: www.dsquaredgroup.com

**मलेसियामा रोजगारको अवसर** | कम्पनी: ADVANCED AGRITECH SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०८/१५ चलानी नं.: ६०१९२५३० L.T. No.:276929 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**कतारमा रोजगारको अवसर** | कम्पनी: AL LIWAN SUITES
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०२/१९ चलानी नं.: ६०१८५४७५ LT. No.:264137 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल–३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

**KUWAIT मा रोजगार** | कम्पनी: KP ENGINEERING CO FOR GEN TRAD & CONT KUWAIT
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०१/२९ चलानी नं.: ६०२०१३५६ L.T. No.: 285916

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | construction labour | 7 | 0 | स. काममा दक्ष | 100 | ४२,७७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१–५९१४६३२, फोन नं.: ९८०३७११६०५,९८१८०१२७०१
Email : cvsbrightfuturehrs@gmail.com

**जापानमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY शहर : Japan, Gumna
पूर्व स्वीकृत मिति: २०८०/०१/३१ चलानी नं.: ६०२०१३७१ Lt. No.: 285955

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Building Constructions Work | 3 | 147000 | १४२,५९० | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता हुने स्थान र मिति:
मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगिक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनि आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च** : नि:शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना बैदेशिक रोजगारीमा नजानुहोस् । बैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**
(श्रम इजाजत नं: ५८३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१, ५९१७९२६
फ्याक्स नं.: ४३८३६२७ देवी प्रसाल अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
Mobile: 9818306336, 9823391330, 9841246937, 9810219345, (आजुमी जापनिज कन्सल्टेन्सी 9823831629)
" Real Happiness Lies in Making Other Happy"

**कतारमा रोजगार** | कम्पनी: AL HATTAB TRADING, CONTRACTING AND REAL-ESTATE W.L.L.
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०१/३१ चलानी नं.: ६०२०१३७९ LT. No.: 285961

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263
Mob.: 984238673, 9801081253, 9801081255, 9801081247, 9801081252
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

**साउदीमा रोजगार** | १. कम्पनी: RELAY COMPANY FOR HIRE
शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०७/२५ चलानी नं.: ६०१९१०५२ L.T. No.: 275522 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६२,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कस्मस नेपाल ह्युमन रिसोर्स प्रा.लि.** श्रम ईजाजत नं: ७३३/०६४/०६५
लाजिम्पाट, गरिमा विकास बैंकको पछाडी, काठमाडौं, फोन नं: ०१-४४४५७९३/४४४५७९४

**Malaysia मा रोजगार** Boat Noodle Sdn. Bhd.
पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/११/०४ चलानी नं. ६०१९६६४१ LT No. : 280784

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Crew | 04 | साधारण | 1500 | ४४,०५८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु.१,५००/- कामदार आफैले | रु.७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्त २०८० जेठ ८ गते (22 May, 2023) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
श्रम ईजाजत नं.: ५७६/०६२/६३
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५७

**कुवेतमा रोजगारको अवसर** | कम्पनी: DEBONED RESTAURANT COMPANY
शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०७९/१०/२० चलानी नं.: ६०१९६००८ LT. No.280493 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५,६११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef Assistant | 7 | 0 | | 130 | ५५,६११ | | | | | | | |

यसै कम्पनीको लागि Cashier र Grill Cook को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Sinamangal-9 (Near Prakash Ashram), Kathmandu, Tel: 01-4492910, Mob: 9844323964, 9808046424 Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np

**कतारमा रोजगारको अवसर** | कम्पनी: DALLAS TRADING CONTRACTING & SERVICES WLL
शहर: DOHA
पुर्व स्वीकृत मितिः २०८८०/०१/३१ चलानी नं.: ६०२०१३६९ LT. No.: 285936

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Mechanic/ Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 3 | 0 | | 1000 | ३६,००० | | | | | | | |
| 3. | Carpenter | 3 | 0 | | 1200 | ४३,२०० | | | | | | | |
| 4. | Electrician Gen | 1 | 0 | | 1200 | ४३,२०० | | | | | | | |
| 5. | General Clean Worker | 3 | 0 | | 1000 | ३६,००० | | | | | | | |
| 6. | Helper | 5 | 0 | | 1000 | ३६,००० | | | | | | | |
| 7. | Mason | 1 | 0 | | 1200 | ४३,२०० | | | | | | | |
| 8. | Painter | 3 | 0 | | 1200 | ४३,२०० | | | | | | | |
| 9. | Reinforce Fitter | 2 | 0 | | 1200 | ४३,२०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AJAMBARI H R SOLUTION PVT. LTD.**
श्रम इजाजत नं. ११५८/०७३/७४
टोखा-७, प्रयास नगर, काठमाडौं, नेपाल । फोन नं.: ०१-४९५०१८७, ५९०७६७३
Email Id.: info@ajambarihr.com, ajambarihr@gmail.com

**BAHRAIN मा रोजगार** कम्पनी : MANAMA FOOD INDUSTRY
शहर: BAHRAIN
पुर्व स्वीकृत मितिः २०८०/०१/२६ चलानी नं.: ६०२०१३८० L.T. No.: 285749

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker (Hand Wrapping) | 2 | 2 | सम्बन्धित काममा दक्ष | 110 | ३८,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ८ गते (22 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | रु.१०,०००/- कामदारले व्यहोर्ने |

